# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ०८/०८०/०८१ मितिः२०८०/०७/१५

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

**बैठक संख्या ०८/०८०/०८१ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०७/१५**

मिति २०८० साल कार्तिक १५ गते बसेको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमको निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. **नदीजन्य पदार्थको कर सङ्कलन सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिकाको स्वीकृत आइइइ प्रतिवेदन बमोजिम बिरिङ्ग, टाङटिङ, ठूलो नेते लगायतका नदीहरुको तोकिएका क्षेत्रहरुबाट नदीजन्य पदार्थको उत्खनन तथा बिक्रीका लागि ठेक्का बन्दोवस्तिका लागि कार्यालयबाट प्रथम पटक मिति २०८०/०५/२० गते र दोश्रो पटक मिति २०८०/०६/२२ गते बोलपत्र आह्वान गरी सूचना प्रकाशन गरिएकोमा दुवै कुनै पनि बोलपत्र प्रस्ताव पेश नभएको ।मिति २०८०/०७/१४ गते कार्यालयबाट डाक बढाबढका माध्यमबाट ठेक्का कबोल गर्नका लागि सूचना प्रकाशन भएकोमा उक्त प्रक्रिया बमोजिम ठेक्का बन्दोवस्ती नभएसम्मका लागि नदीजन्य पदार्थको बिक्री कर संकलनका लागि नगरपालिकाबाटै अमानतमा कर्मचारी खटाउनु पर्ने भएको हुँदा साविकमा नगर कार्यपालिकाको बैठकको निर्णय बमोजिम कर्मचारी तथा स्वयमसेवक परिचालन गरिएको र चाडवाडको समयमा नगर कार्यपालिकाको निर्णयानुसार उत्खनन रोक लगाइएकोमा लामो समयसम्म उत्खनन कार्य रोक लगाउँदा नगरपालिका तथा जिल्लाकै विकास निर्माणमा असर गर्ने देखिएको हुँदा ठेक्का बन्दोवस्ती भएमा सोही बमोजिम हुने गरी मिति २०८०/०७/१३ गतेको नगर कार्यपालिकाको बैठकबाट गरिएको निर्णयलाई संशोधन गरी हाललाई नदीजन्य पदार्थको बिक्री कर संकलनका लागि निम्न बमोजिम व्यवस्था गर्ने निर्णय गरियो ।

(१) **बिक्री कर संकलन सम्बन्धमा ।**

नदीजन्य पदार्थको कर संकलनका लागि नगरपालिका तथा वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई तोकिएका नाका तथा खोलाको ब्लकहरु छुट्याई स्थानहरुमा खटाउने ।

(२) **नाका तथा खोलाको ब्लक सम्बन्धमा ।**

बिक्री कर संकलनका लागि निम्न बमोजिमको खोलाको ब्लक बनाई एक जना कर्मचारी तथा एक जना स्वयम्सेवकको टोली बनाई खोलाको उत्खनन/सङ्कलन स्थलमै बिक्री कर संकलनको लागि खटाउने एवं निम्न बमोजिमको नाकामा एक जना कर्मचारीलाई कर संकलनका लागि खटाउने ।

| क्र.सं. | **बिरिङ्ग खोलाको ब्लक** | क्र.सं | **टाङ्टिङ्ग खोलाको ब्लक** |
|---|---|---|---|
| १ | मदन भण्डारी मार्गको पुल देखि बिरिङ्ग पुल (जयपुर-सिस्ने) सम्म | १ | टाङटिङ पुल (मदनपुर) देखि सहासी बस्ती सम्म |
| २ | बिरिङ्ग पुल (जयपुर-सिस्ने) देखि बिरिङ्गको गढी पुल सम्म | २ | सहासी बस्ती देखि झोलुङ्गे पुल सम्म |
| ३ | बिरिङ्गको गढी पुल देखि गोसखान सम्म | ३ | झोलुङ्गे पुल देखि बाँगेडाँगी सम्म |
| ४ | गोसखान देखि कैलासघाट सम्म | | |
| ५ | कैलासघाट देखि कज्वे सम्म | | |
| ६ | कज्वे देखि सिमाना सम्म | | |

**नाका**

१. गरुवा चौक, वडा नं ३
२. फाल्गुनन्द चौक, वडा नं ३
३. जुकेखाडी, वडा नं ३
४. मदनपुर, वडा नं १
५. नारायण चौक वडा नं ७
६. भित्री गढी, वडा नं ८
७. गोसखान, वडा नं ७
८. पानिकल, वडा नं ५
९. ओमचौक, वडा नं ५

**(३) <u>अनुगमन/निगरानी सम्बन्धमा ।</u>**

नदीजन्य पदार्थको अनाधिकृत उत्खनन तथा ओसार पसार नियन्त्रण सो को अनुगमन तथा निगरानीका लागि देहाय बमोजिमको एक निगरानी समिति गठन गरी परिचालन गर्ने ।

| | |
|---|---|
| संयोजक, विपद् व्यवस्थापन समिति, श्री सन्तोष मेचे | संयोजक |
| कार्यपालिका सदस्य श्री चन्द्रमाया तामाङ्ग | सदस्य |
| वडा सदस्य श्री मदनकुमार लिमेल | सदस्य |
| वडा सदस्य श्री प्रेम उपरकोटी | सदस्य |
| वडा सदस्य श्री नारायण चापागाई | सदस्य |
| वडा सदस्य श्री अमृत चापागाई | सदस्य |
| वडा सदस्य श्री टुम्मनाथ काफ्ले | सदस्य |
| वडा सदस्य श्री हरिबहादुर कटुवाल | सदस्य |
| वडा सदस्य श्री मनोजकुमार रैका थापा मगर | सदस्य |
| वडा सदस्य श्री बुद्धिमान तामाङ्ग | सदस्य |
| वडा सदस्य श्री रुपेश लिम्बु | सदस्य |
| वडा सदस्य श्री केशव अधिकारी | सदस्य |

**(४) <u>सुविधा</u>**

यस निर्णय बमोजिम कर संकलनका लागि कार्यालयबाट खटिने कर्मचारीलाई प्रतिदिन रु ६००/- खाना खाजा खर्च,खोला ब्लकमा खटिने कर्मचारीलाई एकमुष्ठ ५ लि. इन्धन, स्वयम्सेवकलाई प्रतिदिन प्रचलित जिल्ला दररेट अनुसारको दैनिक ज्याला तथा खाना खाजा बापत दैनिक रु ४००/- खाना खाजा खर्च उपलब्ध गराउने ।अनुगमन समितिका पदाधिकारीहरुलाई एकमुष्ठ १० लि. इन्धन उपलब्ध गराउने ।

**(५) <u>विविधः</u>**

क. यस निर्णय बमोजिम तोकिएका नाका तथा उत्खनन सम्बन्धि व्यवस्थाका सम्बन्धमा नगर कार्यपालिकाको कार्यालयबाट प्रचार प्रसारको व्यवस्था मिलाउने ।

ख. यस नगरपालिका भित्र सञ्चालित क्रशर उद्योगहरुमा रहेको नदीजन्य पदार्थ (ढुङ्गा, गिटी, बालुवा, पुरुवा लगायत) को पुरानो मौज्दातलाई १ महिना भित्र व्यवस्थापन गरी त्यस उप्रान्त क्रशर उद्योगबाट उत्पादित पदार्थ (पेलिएको ढुङ्गा लगायत) मात्र विक्री गर्नका लागि सूचना दिने ।

२. **सहयोग सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिका भित्र सञ्चालन हुने निम्न बमोजिमका कार्यक्रमहरु सञ्चालनका लागि देहाय बमोजिमको रकम सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

| सि.नं. | विवरण | रकम(रु) | श्रोत |
|---|---|---|---|
| १ | बाह्रघरे डोजोद्वारा आयोजना हुने प्रथम मेयर कप कराते प्रतियोगिता सञ्चालन सहयोग | १५०००० | खेलकुद |
| २ | शनिश्चरे फुटबल क्लब र मनासुल युथ क्लबलाई झापा जिल्लास्तरीय ए डिभिजन फुटबल प्रतियोगितामा सहभागिताका लागि पूर्वतयारीका लागि प्रति क्लब | १५०००० | खेलकुद |
| ३ | बाह्रघरे क्रिकेट क्लब अर्जुनधारा-९ लाई प्रथम वडास्तरीय क्रिकेट प्रतियोगिता सञ्चालनका लागि | ४०००० | खेलकुद |
| ४ | नाङ्गलो नाट्य समूहलाई लोक दोहोरी गित उत्पादन सहयोग | ३०००० | भाषा कला साहित्य |
| ५ | मुन्धुम स्टुडियोलाई गित उत्पादन सहयोग | ३०००० | भाषा कला साहित्य |
| ६ | शनिश्चरे बहुमुखी क्याम्पस शैक्षिक भ्रमण सहयोग | ४०००० | सामाजिक सेवा अनुदान |

**निर्णय नं १.१ बमोजिम खटिने स्वयमसेवकहरुको विवरण**

| सि.नं. | नामथर | ठेगाना |
|---|---|---|
| १ | टिका पौड्याल | अर्जुनधारा-४ |
| २ | सौरभ आचार्य | अर्जुनधारा-३ |
| ३ | श्याम खेवाङ्ग | अर्जुनधारा-३ |
| ४ | उदय मगर | अर्जुनधारा-२ |
| ५ | मुना खड्का | अर्जुनधारा-७ |
| ६ | सागर कार्की | अर्जुनधारा-५ |
| ७ | सनिम तामाङ्ग | अर्जुनधारा-५ |
| ८ | किशोर लामिछाने | अर्जुनधारा-५ |
| ९ | अम्बिकाप्रसाद दाहाल | अर्जुनधारा-१ |
| १० | कमल खवास | अर्जुनधारा-३ |
| ११ | त्रिभुवन खनाल | अर्जुनधारा-३ |
| १२ | आदर्श पोखरेल | अर्जुनधारा-१ |
| १३ | नगेन्द्र मगर | अर्जुनधारा-७ |
| १४ | अभिषेक मगर | अर्जुनधारा-७ |
| १५ | प्रदीप तामाङ्ग | अर्जुनधारा-८ |
| १६ | भरत मोक्तान | अर्जुनधारा-९ |
| १७ | तिलक येक्तेन | अर्जुनधारा-१ |
| १८ | विक्रम आचार्य | अर्जुनधारा-७ |